जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स.: २०८३/०८४
च.नं.:

# प्रेस विज्ञप्ति

मिति २०८३ भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी-त्रिशुली नदीमा आएको विनाशकारी बाढीका कारण भएको ठूलो धनजनको क्षतिप्रति जोरायल गाउँपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ। बाढी विपद्का कारण ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

यस प्राकृतिक विपद्को कठिन घडीमा बाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले मिति २०८३/०५/१८ गते बसेको जोरायल गाउँ कार्यपालिकाको बैठकबाट **प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष**मा जम्मा हुने गरी तपसिल बमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरिएको व्यहोरा जानकारी गराइन्छ:

**तपसिल:**

| क्र.सं. | विवरण | सहयोग रकम |
|---|---|---|
| १ | जोरायल गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन कोषबाट | रु.२,५५,५५५/- |
| २ | सम्पूर्ण जनप्रतिनिधिहरुको सेवा सुविधाबाट १५ दिनको सेवासुविधा बराबरको रकम | रु.२,०७,९५२/- |
| ३ | अधिकृतस्तरका कर्मचारीहरुको ७ दिन, सहायकस्तरका कर्मचारीहरुको ५ दिन र श्रेणीविहिन कर्मचारीहरुको २ दिनको तलब बराबरको रकम | रु.७,६०,८४१/- |
| ४ | माध्यमिक प्रथम श्रेणीका शिक्षकको १० दिन, माध्यमिक द्वितीय श्रेणी/निम्न माध्यमिक प्रथम श्रेणी/माध्यमिक तृतीय श्रेणी/निम्न माध्यमिक द्वितीय श्रेणी/प्राथमिक प्रथम श्रेणीका शिक्षकको ७ दिन, निम्न माध्यमिक तृतीय श्रेणी/प्राथमिक द्वितीय श्रेणी/प्राथमिक तृतीय श्रेणीका शिक्षकको ५ दिन र विद्यालय कर्मचारी/बालविकास सहजकर्ता/सहयोगी कर्मचारीहरुको २ दिनको तलब बराबरको रकम | रु.२१,०४,२९३/- |
| | **जम्मा** | **रु.३३,२८,६४१/-** |

विपद्को यस विषम परिस्थितिमा प्रभावित नागरिकहरूको जीवनरक्षा, उद्धार र राहतका लागि नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायहरूबाट भइरहेका प्रयासहरूमा जोरायल गाउँपालिकाको पूर्ण ऐक्यबद्धता, समन्वय र सहकार्य रहने प्रतिबद्धता व्यक्त गर्दछौं।

मिति: २०८३।०५।१८
ने.सं. ११४६ गुंलागा ७, बिहीबार

.....................
**दुर्गा दत्त ओझा**
**अध्यक्ष**

9858488039 jorayalrlmp@gmail.com jorayalmun.gov.np facebook.com/jorayalgaunpalika